# समाचार सन्देश

वर्ष १३, अङ्क ९   आई.पी.एस्. लेख रचनाको सँगालो, असार २-१६, २०६४ (जुन १६ - ३०, २००७)


# लोकतन्त्रको मार्गचित्रमा खाडल

– लारी जगान

बैंकक (**आई.पी.एस्./एन्.पी.आई.**) – बर्माको नयाँ राजधानी नेपिदमा राज्य सञ्चालक सैनिक जनरलहरूको त्रैमासिक बैठक हालै सकिएको छ । सदाझैं यसपटक पनि मिटिङपछि कुनै वक्तव्य निकालिएन । तापनि के प्रष्ट संकेत देखियो भने सैनिक सरकार लोकतन्त्रको मार्ग चित्रमा खाडल खन्ने तयारीमा छ । बर्मेली सरकार चिनियाँ शैलीले राज्य हाँक्न चहान्छ ।

'मिटिङबाट लोकतन्त्रका पक्षमा सकारात्मक संकेत आउने सम्भावना पनि थिएन,' थाइल्याण्डको चियाङ्गमईमा बसोबास गर्दै आएका बर्मेली विश्लेषक वनमिन भन्छन्- जनरलहरूलाई भविष्यका बारेमा भ्रम छ । के गर्ने उनीहरूलाई थाहा छैन ।

बैठक तीन महिना ढिला गरी बसेको हो । सरकार चलाउँदै आएको राज्य शान्ति तथा विकास आयोग (एसपिडिसी) को यो बैठक अघिल्लो पटक गत जनवरी महिनामा बसेको थियो । नयाँ संविधान निर्माणका लागि रूपरेखा तयार पार्ने राष्ट्रिय सम्मेलन यही जुलाई महिनामा बोलाइएको छ । प्रक्रिया सुरु भैरहेको बताउँदै जनरल थिन सिनले यस सम्मेलनबाट संविधानमा महत्वपूर्ण परिवर्तन आउने जानकारी गराएका छन् ।

राष्ट्रिय सम्मेलनले बर्मामा लोकतन्त्रलाई अझ पर हुत्याउने छ । यसै विषयमा छलफल हुने पूर्व प्रधानमन्त्री जनरल खिन न्युटले अगष्ट २००३ मै जानकारी गराएका थिए । प्रस्तावित योजनाअनुसार राष्ट्रिय सम्मेलनले नयाँ संविधान बनाउने र यसलाई जनमत संग्रहमा लाने, निष्पक्ष तथा स्वतन्त्र सम्मेलनको आयोजना गर्ने जसबाट नयाँ नागरिक सरकारको गठन हुने जानकारी न्युटले गराएका थिए ।

राष्ट्रिय सम्मेलन यदाकदा गरिने विषय हो । यसपटक १४ वर्षभन्दा लामो समयको अन्तरालमा यसको आयोजना हुन गइरहेको छ । गएको नोभेम्बर महिनादेखि यस सम्मेलनको तयारी भैरहेको छ ।

'राष्ट्रिय सम्मेलनको संरचनमा संविधानको विषयलाई घिसारेर ल्याउने काम भएको छ । वास्तवमा जनरलहरू जनतालाई अलमलाएर आफ्नो सरकारको आयु बढाउन चाहन्छन् । उनीहरू बहुदलीय प्रजातन्त्र स्थापना गर्ने पक्षमा कदापि देखिदैनन्,' विनमिनले भने ।

गएको केही महिनायता राज्य सञ्चालनमा रहेका पाँच जनरलहरू विभिन्न रोगका शिकार भएका छन् । कसैलाई मुटुको समस्या छ त कसैलाई रगतको क्यान्सर र फोक्सोको समस्या छ । उनीहरू मुलुकको भविष्यका बारेमा सोच्नसक्ने अवस्थामा छैनन् । उनीहरूले के महसुस गरेका छन् भने राज्य सत्तामा उनीहरूको पकड बिस्तारै कमजोर हुँदै गइरहेको छ । मुलुकको आर्थिक समस्या बढि रहेको छ । परिणाम स्वरूप सत्ता जोगाउने नयाँ बाटोको खोजीमा उनीहरू लागेका छन् । अन्तरराष्ट्रिय समुदायबाट एक्लिएका शासकहरू विदेशी लगानी बढाउन विभिन्न उपायको खोजी गरिरहेका छन् । एक उच्च सरकारी अधिकारीले हालै मात्र विश्लेषण गरेअनुसार दुई जनरलको विचार भन्दै उनले सो तथ्य बाहिर ल्याएका हुन् ।

'वरिष्ठ जनरलहरूले आफ्नो बलबुताले भ्याएसम्म सरकार जोगाउने विकल्पहरूको प्रयोग गर्दै आएका छन्, बैंककमा कार्यालय रहेको एक पश्चिमी कूटनीतिज्ञले भने । उनले बर्मेली सरकारसँग एक दशकभन्दा लामो अवधिसम्म प्रत्यक्ष

## अनुरोध

**'समाचार सन्देश' का सामग्री पुनः प्रकाशन/प्रसारणका लागि तयार पारिएका हुन् ।**

**हामी सबै क्षेत्रबाट रचनात्मक सुझाव, सल्लाह र प्रतिक्रियाको अपेक्षा गर्दछौं ।**

**– सम्पादक**

व्यवहार गरेका छन् । आफ्नो सत्ता बचाउनका लागि सैनिक सरकारले प्रजातन्त्रबादी नेत्री आङसान सुकी र उनको पार्टीसँग वार्ता गर्ने सुझाव मान्ने सम्भावना पनि छ ।

वरिष्ठ जनरल थान स्वयंले गएको फेब्रुअरी महिनामा भ्रमणमा आएका चिनियाँ अधिकारीलाई जानकारी गराएअनुसार आङ र उनका बीचमा पत्राचार भैरहेको छ ।

रङ्गुनस्थित पश्चिमेली राजदूतहरू सैनिक सरकारको व्यवहारलाई शंकालु नजरले हेर्छन् । 'जुन्टा भनिने सैनिक सरकारले जे भन्छ त्यो पूरा गर्छ भन्ने कुरामा कम्तीमा मलाई चाहिँ विश्वास छैन । बर्माले चीन, रसिया र भारतलाई तीन कोणमा राखेर ठूलो परिमाणमा ग्यास निर्यात गर्दै आर्थिक लाभ लिइरहेको छ । छिमेकीलाई हात लिन सकेकै कारण प्रतिपक्षी आङ र उनको पार्टीलाई घुँडा टेकाउन सफल भएको छ,' एक कूटनितिज्ञले भने ।

वास्तवमा बर्माका सैनिक नेताहरूको मार्गचित्र भन्नु नै लोकतन्त्रवादी जनताको विपक्षमा खडा हुन सक्नु हो । 'राजनीतिक मोर्चामा सरकारपक्षबाट दुई जनरल थान स्वयं र माउङ्ग आये सक्रिय छन् । राष्ट्रिय सम्मेलन वास्तवमा खिन न्युन्सको अवधारणा हो, नयाँ जनरलहरूलाई न्युटको अवधारणा पनि अब बेकार लागेको छ,' बैंककमा बसेर बर्माको मामिला हेर्दै आएका एक कूटनितिज्ञले भने ।

वास्तवमा सैनिक सरकारले नयाँ संविधान लेख्ने सोच जनताका समस्या सुल्झाउने विषयमा केन्द्रित छैन । जनजाति समुदायभित्र सृजना भएको असन्तुष्टि र उसँग गरिएको युद्धविरामा सम्झौता यस सन्दर्भमा स्मरणीय छ । सम्मेलनमा सम्झौतामा आएका समूहहरू पनि सहभागी हुनेछन् । 'यदि उनीहरूले चाहेजस्तो संविधानमा हामीले सहमति जनाएनौं भने अल्पसंख्यक जनजातिले स्वायत्तताको अधिकार पाउने छैनौ भनेर हामीलाई धम्की दिइएको छ । उनीहरू जसरी होस्, हामीलाई राष्ट्रिय सम्मेलनमा घोक्र्याउन चाहन्छन् । काचिनका प्रतिनिधिले आईपीएसलाई भने ।

योजनाबद्ध जनमत संग्रहका लागि गरिने तयारीको एक भागका रूपमा जनजातिहरूले आत्मसमर्पण गरेका हुन् । सुरुमा जनजाति समूह काचिन्सले हतियार बुझाउन अस्वीकार गरेको थियो तर सरकार जनमत संग्रहमा जान तयार भएपछि भने उसले हतियार बुझायो ।

'मार्गचित्रअनुसार नै अहिले काम भैरहेको छ भन्न सकिन्न । जनमत संग्रह गर्ने त भनिएको छ तर यसप्रति राज्यले चिसो पाइला चलाएको देखिन्छ । जनमत संग्रहलाई कुनै खेलका रूपमा अघि सारेको छ,' रङ्गुनमा पश्चिमी मुलुकको प्रतिनिधित्व गर्दै बसेका एक कूटनीतिज्ञले भने । 'जनरलहरू जनमत संग्रहको नाम सुनेर पक्षघात भएजस्तो बनेका छन् । जनमतकै कारणले गर्दा उनीहरूले थप चुनौतीहरूको सामना गर्नुपरेको छ । उनीहरूसँग इच्छा र उत्साहको पूर्ण अभाव देखिन्छ, उनले भने ।

धेरै विश्लेषकहरूको एउटै धारणा छ, जनमत संग्रहमा जाने मार्गचित्र कुनै बासी बस्तुजस्तो प्रतित हुन्छ । कसैको धारणा के छ भने राजनीतिक क्रियाकलापको नयाँ युग आउने चिन्ताले जनरलहरू त्रसित छन् । 'उनीहरूको नयाँ रणनीति थुनामा परेजस्तो भएको छ । अहिले कुनै निर्णय गरिएको छैन । सबै विकल्पहरू खुला राखिएका छन्,' रङ्गुनका लागि कार्यरत एक एशियाली कूटनितिज्ञले भने ।

मन्त्रिपरिषद्मा भूकम्पको अनुभव भैसकेको छ । थिनसिन कार्यबाहक प्रधानमन्त्रीका रूपमा रहने छन् । थानस्वयं उनलाई चाहँदैनन् किनभने थिन दुई नम्बरका जनरलमा उङ्ग आयेका समर्थक रहेका छन् । थिन स्वयंका समर्थक मिन्ट स्वयं अहिले प्रधानमन्त्री हुने क्रममा छन् ।

जनमत संग्रहको तयारीकै क्रममा मन्त्रिपरिषद्को पुनर्गठन हुन लागेको हो । राष्ट्रिय सम्मेलनले संविधान बनाउने छ । युनिएन सोलिडारिटी तथा विकास संगठनमा आधारित संस्थाहरूले सरकारका लागि जनमत संग्रहमा जान सघाउने भएका छन् ।

चीनले जुन्टा सरकारलाई भित्रबाट आफ्नै किसिमको प्रजातन्त्र र विकासका लागि बुद्धि दिइरहेको छ । वरिष्ठ पार्टी सल्लाहकारले बर्मामै रहेर दुई वर्षभन्दा लामो समयदेखि राजनीतिक अर्थतन्त्रका विषयमा जनरलहरूलाई तालिम दिइरहेका छन् ।

हालै मात्र चिनियाँ प्रशिक्षकले बर्मेली नेताहरूलाई प्रजातान्त्रिक सरकारका विषयमा आफ्नो अवधारणाको प्रशिक्षण दिए । कसरी राष्ट्रिय जनकंग्रेसले काम गरेको छ र अप्रत्यक्ष निर्वाचित संसदको बैठक एक वर्षमा एक पटक बसेर पनि कसरी सरकार चलाइरहेको छ भन्ने सम्बन्धमा प्रशिक्षण दिए । यसले के देखाउँछ भने मुलुकका राष्ट्रपति, प्रधानमन्त्री र मन्त्रीहरूसमेत पार्टीद्वारा नै मनोनयन हुनेछन् ।

धेरैजसो अल्पसंख्यक जनजातिको समर्थन जुटाउन सरकारले चिनियाँ संविधानको मोडल अपनाउन खोजेको छ । नामको मात्र स्थानीय स्तरमा स्वायत्तता दिने र एकात्मक रूपमा सबैलाई सञ्चालन गर्ने तयारी जुन्टा सरकारको रहेको छ ।

# लागू औषधको अपराधमा सयौं आप्रवासीलाई मृत्युदण्ड

– बारादान कुप्पुसामी

क्वालालम्पुर (आई.पी.एस्./एन्.पी.आई.) – इण्डोनेसियाको सुमात्राका ३० वर्षीय अदक्ष कामदार हेनोक सिव्यिा क्वालालम्पुरमा जागिर खाएर पैसा कमाउने र घरमा लिसोभैं टाँसिएको गरिबीलाई उप्काएर फाल्ने मानसिकताका साथ यहाँ आइपुगेका हुन्। यहाँ आइपुग्न उनले जहाजमा मलेसियाका बिभिन्न क्षेत्रको लामो यात्रा पार गर्नुपरेको थियो ।

उनी तीन वर्षअघि यहाँ आएका हुन् । जुन महिनाको सुरुमा सिव्यिा राजधानीबाट ३० किलोमिटर पूर्वमा रहेको शाह आलमस्थित उच्च अदालतको कठघरामा उभिन पुगे । उनलाई ५ हजार ३ सय ४१ ग्राम चरेस बोकेर हिँडेका कारण समातिएको थियो ।

उनलाई १६ वर्ष लामो जेल सजाय तोकिएको छ । सजाय मिनाहा पाउनका लागि उनले १० पटकसम्म प्रयास गरेका छन्, तर उनले सफलता पाउन सकेनन् । यस असफलताको सम्झना हुनासाथ उनका आँखा सजल भएर आउँछन् ।

मलेसियाको जेलमा रहेका इण्डोनेसियाली उनका साथीहरूले भने मृत्युदण्डको सजाय नै पाएका छन् । यसरी हेर्दा उनलाई भाग्यमानी भन्नुपर्ने हुन्छ । उनी सामान्य एक शब्दका कारण मृत्युदण्डको पाशोबाट जोगिएका हुन् । उनलाई लगाइएको अभियोगमा लागू औषध 'बोकेको' भनिएको थियो, 'ढुवानी गरेको' भनिएको भए उनी पनि मृत्युदण्डको सजायबाट बच्नसक्ने थिएनन् ।

इण्डोनेसियाली राजदूतावासका प्रवक्ताका अनुसार सयौं इण्डोनेसियालीहरू मलेसियाका विभिन्न जेलमा थुनिएका छन् । यिनीहरूमध्ये अधिकांश सुमात्राको उत्तर- पश्चिम क्षेत्रमा रहेको आचे प्रान्तका नागरिकहरू छन् । अधिकांश लागू औषध कारोबारमा र कति हत्याको अभियोगमा सजाय काटिरहेका छन् । यी दुवै अभियोगका लागि मलेसियामा मृत्युदण्डको सजाय दिने गरिन्छ ।

'हामीले मलेसियाली विदेश मन्त्रालयलाई इन्डोनेसियाली कति नागरिकले कुन अभियोगमा कस्तो सजाय भोगिरहेका छन् भन्ने विषयमा जानकारी दिन अनुरोध गरी पत्र पठाएका छौं,' प्रवक्ताले आईपीएसलाई बताए- हामी इण्डोनेसियाली अभियुक्तहरूले कानुनी उपचारका लागि अधिवक्ताको सेवा पाउन सकून् भन्ने चाहना राख्दछौं ।

मलेसियाको खतरनाक लागू औषध ऐन १९५२ का अनुसार २०० ग्राम चरेस बोकेर हिँड्ने व्यक्तिले २० वर्षको आजीवन कारावासको सजाय पाउँछ ।

'यदि तपाईंलाई लागू औषध बोकेको वा ओसार-पसार गरेको अभियोग लाग्यो भने तपाईं मृत्युदण्डबाट जोगिन सक्नुहुन्न,' ३० वटा मृत्युदण्डका सजायका मुद्दामा बहस गरि सकेका अधिवक्ता रामु कन्नामलाई कान्दासामी भन्छन् । उनले हेरेका धेरै मुद्दाहरू आचेहका बासिन्दाहरूकै छन् ।

'यस अभियोगमा पक्राउ परेका व्यक्तिहरूमध्ये अधिकांशत: गरिव तथा पिछडिएका गाउँका वासिन्दाहरू हुन् । मलेसियामा केही कमाएर सरल जीवन बाँच्न आएका उनीहरू मृत्युदण्डको शिकार बनेका छन्,' रामुले आईपीएसलाई भने ।

'ग्रामीण क्षेत्रमा रहेको गरिवी नै स्थानीय लागू पदार्थ ओसार-पसारको मुख्य कारण रहेको उनी जानकारी गराउँछन् । 'आचेहमा १ किलोग्राम चरेसको मूल्य ५ मलेसियाली रिङ्गिट अर्थात् १.५ अमेरिकी डलर पर्न आउँछ । यदि सोही बस्तु मलेसिया पुग्यो भने त्यसको दाम १ हजार ६ सय रिङ्गिट अर्थात् ४ सय ६५ डलर हुन पुग्दछ । यही लोभले ज्यान जोखिममा हालेर उनीहरू तस्करीमा संलग्न भएका छन्,' उनले भने ।

'पैसा कमाउनु उनीहरूको एक मात्र उद्देश्य देखिन्छ । पैसा कमाएर आफ्नै देशमा फर्किने, ट्याक्सी किन्ने वा कुनै सानो व्यापार गर्ने सोचका साथ उनीहरू मलेसिया प्रवेश गरेका हुन्छन् । पैसाकै लोभले उनीहरू भयानक जोखिमको काममा हात हाल्छन्,' रामुले भने ।

यो अत्यन्त दु:खको विषय हो । उनीहरू जेलमा सडेका छन् । उनीहरूको जीवन मारिने र बाँच्न पाउने धारमा उभिएको छ,' मृत्यु दण्डका बिरोधी रामु भन्छन्-मृत्यु दण्डको सजाय पुरानो र राज्यद्वारा गरिने हत्या हो । के हामी अरु मानिसको हत्या गर्न सक्छौं ?

मृत्युदण्डका करिब दश थान मुद्दा हेरिसकेका इण्डोनेसियाली कानुनी अधिकारीका अनुसार अधिकांश मुद्दाहरू लागू औषधसँग नै सम्बन्धित छन् । केन्द्रीय अदालतले हेर्दै आएका यी मुद्दाहरूको संख्या सर्वाधिक छ ।

'अरु ५० मुद्दा पुनराबेदन अदालतमा छन्,' एक कानुनी अधिकारीले केही सय मुद्दाहरू तल्ला अदालतमा छन् भने लागू औषधका अतिरिक्त अन्य विषयका मुद्दामा पनि इण्डोनेसियालीहरू परेको देखिन्छ भन्छन् ।

'लागू औषधसँग सम्बन्धित मुद्दाहरूको संख्या बढ्दो अवस्थामा रहेको छ,' नाम उल्लेख गर्न नचाहने एक अधिवक्ताले जानकारी गराए । यो वर्ष 'मलेसियाली पर्यटन वर्ष,'

हो । सरकारले तीन करोड पर्यटक भित्र्याउने उद्देश्यका साथ विभिन्नखाले प्रोत्साहन कार्यक्रमहरू अघिसारेको छ । त्यसमा मलेसिया एयरलाइन्सबाट यात्रा गर्ने विदेशीका लागि भिसा शुल्क मिनाहा पनि पर्न आउँछ ।

विदेशीलाई मलेसिया प्रवेश गर्न दिने नियममा खुकुलो पन ल्याइएका कारणले पनि ठूलो परिमाणमा लागू पदार्थ भित्रिएको हो । 'दैनिक अखबार हेर्दा लागू पदार्थका कारोबार गर्नेहरू धेरै समातिएको र उनीहरूबाट लागू पदार्थ बरामत भएको समाचारले दिनहुँजसो खबर छापेको देखिन्छ,' रामुले भने- यसको अर्थ हो मृत्यु दण्डको सजायमा मुद्दा खेप्नेहरूको संख्यामा वृद्धि र मृत्युदण्डको परिमाण पनि बढोत्तरी ।

एम्नेस्टी इन्टरनेशनलका अनुसार लागू औषधसम्बन्धी मृत्युदण्डका मुद्दाहरू मलेसियामा मात्र होइन पूरै एशिया प्यासिफिक क्षेत्रमा बढेको छ ।

'लागू औषध कारोबारका कारण धेरै व्यक्तिले मृत्युदण्डको सजाय पाएको घटना एक चुनौतीको विषय बन्न पुगेको छ । एशिया प्रशान्त क्षेत्रका मुलुकहरूमा अन्य अपराधका कारण दिइने मृत्युदण्डभन्दा यसको संख्या अधिक छ,' एम्नेस्टीको मलेसिया क्षेत्र हेर्ने निर्देशक जोसेफ रोय बेनेडिक्ट भन्छन् ।

एशिया प्रशान्त क्षेत्रमा रहेका १६ मुलुकहरूमा लागू औषधको कारोबारमा संलग्न व्यक्तिलाई मृत्युदण्डको सजाय दिने प्रावधान रहेको छ । यहाँ मृत्युदण्डको सजायविरुद्ध खास पहल भएको प्रमाण देखिँदैन ।

यसअतिरिक्त मलेसिया, सिङ्गापुर र उत्तर कोरिया लगायतका धेरै मुलुकहरूमा लागू पदार्थको कारोबारमा संलग्न व्यक्तिलाई सहानुभूतिपूर्ण दृष्टिले हेर्न न्यायधीशहरूलाई पनि छुट दिएको देखिँदैन ।

'मृत्युदण्डको सजाय ठीक त्यसैगरी बढेको छ जसरी बालबालिकाको मेलामा बेलुनहरू यत्रतत्र देखिन्छन् । एकै साइजको कपडा सबैलाई ठीक हुन्छ भनेझैं गरेर सजाय दिने गरिएको छ,' प्रभावशाली मानवअधिकार समुदाय सुआरामका कार्यकारी निर्देशक याप स्वीसेङ्ग भन्छन् ।

मलेसियामा आतङ्ककारी हत्यारा विस्फोटक पदार्थ राख्ने र पानी आपूर्तिमा अवरोध पुऱ्याउने व्यक्ति मृत्युदण्डका भागीदार हुन पुग्दछन् । हालैको अर्ध औपचारिक अखबार न्यु स्टेट टाइम्समा प्रकाशित समाचारअनुसार मलेसिया लगायतका जेलहरूमा हत्या, लागू पदार्थ ओसार-पसार तथा गोलीगट्ठा राख्ने काममा संलग्न व्यक्तिहरूको संख्या उल्लेख्य छ । यसमा १० देखि २२ वर्षसम्मको जेल सजाय पाएका व्यक्तिहरू पनि छन् ।

'वास्तवमा दुई प्रकारका सजायले अन्य सजायलाई फिक्का तुल्याइदिएका छन् । लामो समयसम्म एक्लै जेल सजाय भोगेर बस्नु र मृत्युदण्डको सजाय पाउनु सामान्य विषय बनेको छ,' मृत्युदण्डको सजायविरुद्ध मलेसियाली जनता नामक संस्थाको प्रमुख चाल्स हेक्टरले भने । उनको सो गैरसरकारी संस्थाले मृत्युदण्डको विपक्षमा अभियान चलाउँदै आएको छ ।

यस्ता अभियुक्तलाई मुद्दा किनारा लगाउन लामो समयको प्रतीक्षा गराउने गरिन्छ । यसले गर्दा मृत्युदण्ड स्वीकार गरेका व्यक्ति तनावपूर्ण जिन्दगी बाँच्न विवश हुन्छन्,' हेक्टरले भने ।

'मानवलाई मृत्युदण्डको सजाय दिएर समाप्त पार्नु भनेको क्रूरताको पराकाष्टा हो,' उनले आईपीएसलाई भने ।

मलेसियाली बारका १२ हजार ५ सय सदस्यहरूले पनि मृत्युदण्डको विपक्षमा आवाज उठाएका छन् । उनीहरूले २००६ को मार्च महिनामा मृत्युदण्डको सजाय समाप्त पारिनुपर्छ र जसलाई मृत्युदण्डको सजाय सुनाइसकिएको छ सो पनि बदल्नु पर्छ भनेका छन् ।

'मृत्युदण्डको सजाय क्रूरताको अन्तिम पराकाष्ठा भएकोले यसको अन्त्य गरिनु पर्छ । समय नतोकीकन अनिश्चित कालका लागि जेल सजाय गर्ने परिपाटी पनि क्रूरताकै उदाहरण हो,' यापले भने ।

'अनिश्चित तथा अन्योलपूर्ण मानसिकताका साथ मानिसलाई जेल सजाय गर्नु र आज मारिन्छु वा भोलि मारिन्छुको तनावमा बाँच्न बाध्य पारिनु अमानवीय व्यवहार हो । मृत्युको अनिश्चिततापूर्ण मानसिकताका कारण प्राप्त हुने पीडा अन्य सामान्य व्यक्तिले अनुभूत गर्न सक्तैन,' उनले आईपीएसलाई भने ।

हाम्रो विधानको किताबमा मृत्युदण्डको सजाय जति लामो अवधिसम्म रहन्छ त्यतिबेलासम्म जरुरी महत्वका विषयका रूपमा यसले स्थान पाउने छ, उनले भने ।

मलेसियामा अधिकांश जनता मृत्युदण्डको विपक्षमा छन् । वर्षौंसम्म मृत्युदण्डको प्रतीक्षा गराउनु र अन्धकारमा राख्नु मानव सभ्यताका लागि सुहाउने विषय होइन । स्थानीय टेलिभिजन सञ्जालले गतवर्ष गरेको एक मत सर्वेक्षणले ६५ प्रतिशत व्यक्तिहरू मृत्युदण्डको विपक्षमा रहेको देखिएको छ । उनीहरूमध्ये धेरैजसोले मृत्युदण्डलाई कानुनी हत्या मान्दै यस प्रथाको अन्त्य हुनुपर्ने धारणा प्रकट गरेका छन् ।

'हामी सार्वजनिक हितको सुरक्षाका लागि मृत्युदण्डको सजाय अवलम्बन गरिरहेका छौं, हामी यसलाई खारेज गर्न सक्तैनौं' सरकारको प्रतिपक्षमा रहेको समूहबाट मृत्युदण्डको विरुद्धमा आवाज उठेपछि सरकारले यो बोली बोलेको हो । यसै वर्षको सुरुमा सरकारले सो धारणा प्रकट गरेको हो ।

'मुलुकको कानुनी पद्धतिमा पर्याप्त सुरक्षामा मृत्युदण्डको सजाय सहजै हट्ने अवस्था देखिँदैन,' उपमन्त्री एम केभेजले संसदमा सरकारको तर्फबाट जवाफ दिँदै जानकारी गराए । तर सरकारको सो भनाइप्रति प्रतिपक्षी सांसदहरू भने असन्तुष्ट छन् । गम्भीर अपराध नियन्त्रण गर्ने नाममा सरकारले जथाभावी सजाय दिने गरेको उनीहरूको दावी छ ।

मलेसियाको वर्तमान कानुनअनुसार गिरफ्तार गरिएका व्यक्तिहरूले तत्कालै वकिल राख्न पाउने अवस्था छैन । तत्काले फोन गर्न पाउने अधिकार पनि अभियुक्तहरूलाई दिइदैन ।

कानुनी पद्धतिमा यस्ता त्रुटिहरू हुनु सामान्य विषयसरह देखिन्छ, अधिवक्ता रामु भन्छन्- अमेरिकामा १९७६ यता सयभन्दा बढी व्यक्तिलाई मृत्युदण्ड दिइयो र उनीहरूका मुद्दा प्रष्ट रूपमा सार्वजनिक पनि गरिए ।

'मृत्युदण्डको सजायले चेतनाशुन्य अवस्थाको सृजना गर्दछ र हिँसाको चक्र अघि बढाउँछ,' उनको धारणा छ- हामीले चेतनाशुन्य यस मृत्युचक्रलाई चुडाल्नै पर्दछ ।

# थाइल्याण्डमा सरकार र इन्टरनेट सञ्चालकबीच विवाद

– लिनेट ली करपोरल

बैंकक (आई.पी.एस्. /एन्.पी.आई.) – थाइल्याण्डमा सरकारी अधिकारी र इन्टरनेटमा पाठ्य-सामग्री प्रस्तुत गर्ने समुदायबीच सृजना भएको तानात(ानको स्थिति निकट भविष्यमै सुध्रिने सम्भावना देखिएको छ । हालै सरकारी अधिकारीहरूबाट जारी गरिएको वक्तव्यले सो संकेत देखाएको हो ।

सरकारले केही समयअघि केही वेबसाइटहरू र साइवर बन्द गरेका कारण यो तनाव सृजना भएको हो । सरकारले सार्वजनिक हितलाई ध्यानमा राखेर सो कदम चालेको खुलासा गरेको थियो । तर उसले कारवाहीको सीमा कतिसम्म अगाडि बढाउन सक्छ भन्ने सवाल भने विवादको विषय बनेको थियो ।

'हाम्रो कारवाहीले कसैलाई असजिलो परेको छ भने माफ गर्नुहोला । तर इन्टरनेट सेवा नियमित गर्नु र जनताको सेवामा पुऱ्याउनु सरकारको काम हो । यही कामनै हामीले गरेका हौं,' सूचना तथा सञ्चार प्रविधि मन्त्रालयका मन्त्री सिटहीचायी उकैयादोम केही विदेशी पत्रकारहरूलाई जानकारी गराउँछन् ।

अप्रिल महिनाको सुरुमा सिटही चायीले लोकप्रिय भिडियो प्रसारक वेबसाइट युट्युवमा रोक लाएपछि विवाद सार्वजनिक भएको हो । प्रसारण गरिएको भिडियोमा थाई नरेश भूमिबोल अदुल्यादेजका विषयमा अपमानजनक सामग्री समावेश गरेको भन्दै मन्त्रालयले सो कदम चालेको हो ।

राजगद्दीसम्बन्धी कानुनको मातहतमा रही सरकारले सो कारवाही चलाएको हो । यसले थाई तथा विदेशी नागरिकले कानुन उल्लंघन गरेको अवस्थामा १५ वर्षसम्म जेल सजाय गर्ने प्रावधान तोकेको छ । सिट्ठीचायीको वक्तव्यमा अभिव्यक्ति स्वतन्त्रता छ भन्दैमा जे पनि लेख्न पाइन्न भन्ने आशय प्रकट भएको छ । सो वक्तव्यलाई सञ्चारमा स्वतन्त्रता चाहने व्यक्तिहरूले अधिकार माथिको आक्रमण ठाने । सरकारले राजनीतिक वेबसाइट बन्द गरेकोमा अभिव्यक्ति स्वतन्त्रता माथिको आक्रमण भनी उनीहरूले टिप्पणी गरे । साङ्केतिक रूपमा जनसञ्चार सुधार अभियान नामक संस्थाका सुपिन्या क्लाङ्ग नारोङ्गले मन्त्रीलाई बन्द गरिएका वेबसाइटहरूको सूची हस्तान्तारण गरेका छन् ।

जवाफमा सञ्चारमन्त्रीले सरकारी कदम जायज थियो भन्ने दाबीका साथ दुईसय वेबसाइट मात्र बन्द गर्न आदेश दिएको बताएका छन् । क्लाङ्ग नारोङ्गले भनेजस्तो १७ हजारभन्दा बढी साइटहरू बन्द नगरिएको दावी उनको छ । २००६ को सेप्टेम्बर १९ तारिखमा सेनाले सत्ता हस्तगत गरेपछि आजसम्ममा १७ हजार साइटहरू बन्द भएको विवरण क्लाङ्ग नारोङ्गले दिएका हुन् ।

सिट्ठीचायीले सरकारलाई सिफारिस गरेअनुसार नै वेबसाइट बन्द भएकोमा शङ्का छैन । उनले हालै पारित भएको साइबर अपराध कानुनको बुँदा नं ६ ले सञ्चारमन्त्रालयलाई वेबसाइट बन्द गर्ने अधिकार दिएको छ । अन्य सञ्चार अधिकारकर्मीले जस्तै सुपिन्याले पनि यस विषयमा चिन्ता व्यक्त गरेकी छन् ।

सुपिन्याका अनुसार राज्यले चालेका कदमहरू कति ठीक छन् वा छैनन् भन्ने निर्णय गर्नका लागि अदालतलाई जिम्मा दिनु बुद्धिमानी हुनेछ । वेबसाइट बन्द गर्नु ठीकै थियो भन्ने अदालतको फैसला भएछभने हेरौंला, सुपिन्याले भनिन् ।

'सरकार सञ्चारमाध्यमलाई हस्तक्षेप तथा नियन्त्रण गर्ने प्रयासमा लागेको छ । त्यसै कारणले जनतामा त्रास बढेको छ । उनीहरूमा अदालतले आफ्नो रक्षा गरिदिनसक्छ भन्ने आशा छ,' उनले आईपीएसलाई भने ।

इन्टरनेट थाइल्याण्डका परियोजना व्यवस्थापक तथा ब्लग सञ्चालक

आइरिया पैरिन ताइरिटले भनिन् 'अहिले सञ्चार मन्त्रालयको हातमा रहेको साइट रोक लगाउने अधिकार झिकिएको छ, जो राम्रो विकास हो । यसले उनीहरूलाई जे मन लाग्यो त्यही गर्न नियन्त्रण गरेको मान्नु पर्दछ,' नयाँ कानुनले वेबसाइट सञ्चालकलाई मान्यता भने प्रदान गरेको छ र औपचारिक निर्देश प्रदान गरेको छ । तर, यो कानुन कसरी कार्यान्वयन हुन्छ सो भने हेर्न बाँकी छ ।

कम्प्युटरसम्बन्धी कारबाही आयोग ऐनले १२ प्रकारका इन्टरनेट अपराध सूचिकृत गरेको छ। यसमा २० वर्षसम्म कैद र ३ लाख भाट (९,४२० अमेरिकी डलर) सम्म सजाय हुने प्रावधान राखिएको छ । तैपनि कानुन भ्रमको स्रोत बनिरहेको छ । स्वतन्त्र अनलाइन दैनिक अखबार प्रचातायी डट कमका चीरानुच प्रेमचाइपोर्न भन्छन् ।

'साइबर अपराध विधेयकले इन्टरनेट प्रयोगकर्तालाई नोक्सान पुऱ्याउने वा उनीहरूको अभिव्यक्ति स्वतन्त्रता हनन गर्ने काम गर्नु हुँदैन, उनीहरूको अधिकार सुरक्षित गर्नुपर्छ । तर, सञ्चारमाध्यमले पनि कुनै व्यक्तिको निजी जीवनमा हस्तक्षेप गर्न पाउँदैन,' चिरानुचले भने ।

उनलाई सरकार नयाँ कानुन बनाएर सञ्चारमाध्यमलाई अधिकार दिन होइन, कटौती गर्न खोजिरहेको छ भन्ने कुरामा चिन्ता छ । नयाँ कानुनले इन्टरनेट सेवा प्रदायकले साइटमा राखेका विवरण वा तथ्याङ्क ९० दिनसम्म सुरक्षित राख्नुपर्ने प्रावधान तोकेको छ । सरकारले कुन साइटमा कसले के सामग्री पढ्यो भन्ने जानकारी लिन जुनसुकै बेला पनि पाउने अवस्था सृजना गरिएको छ । सिट्ठीचायी सरकारले निश्चित नियम बनाएर वेबसाइटमाथि प्रतिबन्ध वा नियन्त्रण गर्न पाउनुपर्छ भन्छन् । यसमा राजपरिवारको विषय पनि उल्लेख गर्न सकिन्छ भन्ने उनको धारणा छ ।

'नग्नता अर्को यस्तै विवादको विषय हो । तर, सर्वसाधारणको सचेतनाले नै नग्नताको उपयोगमा नियन्त्रण ल्याउन सकिन्छ । खासगरी राजनीतिक सामग्रीका साइटका लागि मैले चासो राखेको विषय के मात्र हो भने, व्यक्तिको निजी स्वतन्त्रतालाई दखल दिँदै अनुपयुक्त ढङ्गले सामग्री प्रकाशित गर्नु आपत्ति जनक हो,' सिट्ठीचायीले भने ।

ब्लग सञ्चालक आइरियाको पनि यस्तै विचार रहेको छ । चिरानुचले साइबरसम्बन्धी कानुनको बुँदा नं. ५ लाई बेवास्ता गरेको छ 'बुँदा नं ५ संविधान विरुद्ध छ,' सेप्टेम्बरको 'कू' पछि संविधान संशोधन गर्ने काम भएको छ ।

'यस विषयमा हामी अदालतहरूलाई पनि सरिक गरौं । आ-आफ्नै तरिकाले अधिकारकर्मी र प्रशासकबीच विवाद बढाएर मात्र किनारा भेटिन्न, अदालतले उपयुक्त ढङ्गको सन्तुलन पद्धति विकास गर्न सक्तछ,' चिरानुचले भने ।

सार्वजनिक चेतनाले नै अभिव्यक्ति स्वतन्त्रताको रक्षा गर्न सक्तछ । इन्टरनेट लगायतका सञ्चारमाध्यमको सन्दर्भमा एउटै नियम लागू हुन्छ । यस विषयमा सुपिन्या भन्छिन्, वर्तमान राजनीतिक अवस्था र गत डिसेम्बरमा स्थापित सैनिक सरकारले निर्वाचन गर्ने प्रतिबद्धता अहिले सर्वाधिक जनचासोको विषय बनेको छ ।

'इन्टरनेट स्वतन्त्रता थाइल्याण्डका लागि एकदमै नयाँ मुद्दा हो । सर्वसाधारणसम्म पुगेर प्रतिक्रिया लिने हो भने इन्टरनेटका बारेमा उनीहरू कुनै रुचि देखाउने छैनन् यदि तपाईं उनीहरूलाई बढी सूचना दिन र उनीहरूका मुद्दाहरू कार्यान्वयनमा ल्याउन चाहनुहुन्छ भने यस नयाँ विषयले पनि व्यापकता भने पाउनेछ,' उनले भनिन् ।

चिरानुच भन्छन्, कतिलाई लागेको हुनसक्छ अनलाइनमाथि नियन्त्रण गरेर उनीहरूको वाक् स्वतन्त्रता कुण्ठित पारिएको छ, तर बुझ्नु के पर्छ भने साइबर अपराध कानुन भिन्न मुद्दा हो । 'अनलाइनका सवालमा सीमित व्यक्तिहरू मात्र रुचि राख्ने र सक्रियताका साथ अघि बढ्ने गर्दछन् । यस कानुनद्वारा प्रत्यक्ष प्रभावित व्यक्तिमात्र बाहिर निस्किएका छन् । आइएसपी र वेबमास्टरको मात्र यो चासोको विषय बनेको छ । अनलाइनका पाठकहरू साइटमा केही रोचक विषय पाएभने हेर्छन तर गहिरिएर समिक्षा गर्दैनन्,' उनले व्याख्या गरिन् ।

आइरिया भन्छिन्, अधिकांश ब्लग सञ्चालकहरू नयाँ साइबर अपराधकानुन बारे अनभिज्ञ छन् । खासगरी वेबसञ्चालक तथा आइएसपीमा संलग्न रहेका व्यक्ति मात्र बढी सचेत देखिन्छन् ।

चिरानुच थप्छन्, आवश्यक परेको खण्डमा इन्टरनेटमा सम्बद्ध अन्य विषय पनि समेटिनु पर्छ । यसो गर्नु कुनै पनि अर्थमा गैरकानुनी होइन- नयाँ विधेयक लेख्ने काममा संलग्न एक व्यक्तिका अनुसार नक्कली सरभर प्रदायकको कामलाई पनि अपराधका रूपमा व्याख्या गरिएको छैन । यसले गर्दा मानिसहरूले अनलाइनसम्म पुग्ने नयाँ मार्ग पनि पाउने छन् ।

# आप्रबासी कामदारको मलेसियामा मृत्यु

– अनिल नेट्टो

पेनाङ्ग (**आई.पी.एस्./एन्.पी.आई.**) – जुन महिनाको सुरुमा जर्ज टाउन नामको शहरको मध्य भागमा रहेको एक होटलको कोठामा एक आप्रवासी कामदारको मृत्युभयो । यो मृत्यु उसको घरभन्दा निकै टाढा भएको थियो । उसको मृत्युदलाई स्थानीय अखबारले पनि स्थान दिएनन् । अधिकांश मलेसियाबासीबाट सो मृत्यु बेखबर देखियो ।

त्यो युवक कामदार भारतीय नागरिक थियो । करिब २५ वर्षको देखिने त्यस युवकले किन अकाल मृत्युको सामना गर्नुपऱ्यो भन्ने सवालमा चिन्तन गर्नु अन्यथा हुने छैन । मृत्युको प्रमाणपत्रमा झुण्डिएर प्राण गएको जानकारी दिएको उसका संरक्षकले आईपीएसलाई बताएका छन् । उसको लाश जुन महिनाको १० तारिखको दिन इण्डियास्थित उसको घरमा पठाइयो ।

मृतक भिपिन भि नैर हुन् । उनी मलेसियामा एक वर्षअगाडि साथीहरूका साथ लागेर मलेसिया आएका थिए । दक्षिणी भारतको केरला तथा तामिलनाडु राज्यका उनी दक्षिणी मलेसियाको राज्य जोहरको बहुराष्ट्रिय उत्पादन सेवा संस्थामा काम गर्न आएका थिए । सो कम्पनीमा कार्यरत कामदारमध्ये करिब तीनसय कामदार भारतीय छन् र त्यसको ५० प्रतिशत संख्या केरला राज्यका नागरिकको रहेको छ ।

केरलाका कामदारहरूले आईपीएसलाई बताएअनुसार काम दिलाइ दिने भारतीय दलालले ६५० रिङ्गिट (१९०अमेरिकी डलर) मासिक पारिश्रमिक तथा ओभर टाइम भत्ता पनि दिने जानकारी गराएको थियो । उनीहरूमध्ये अधिकांशले एकलाख (२५०० अमेरिकी डलर) शुल्क दलाललाई भारतमै बुझाइसकेका छन् ।

दलाललाई दिने रकम जुटाउनका लागि केही कामदारले सम्पत्ति बेचेका, साहुबाट ऋण काढेका र आफन्तबाट सहायता मागेका छन् । तर जब उनीहरू मलेसिया आइपुग्छन् तब ४२० रिङ्गिट वा १२० डलर तथा ओभरटाइम भत्ता मात्र प्राप्त गर्दछन् । सबैतिर आप्रबासी कामदारहरूको अवस्था यस्तै दयनीय छ ।

यस अतिरिक्त कति कामदारहरू ज्याला नपाएका कारण थप पीडा भोगिरहेका छन् । एकातिर पहिले बचनबद्धता व्यक्त गरिएभन्दा न्यून पारिश्रमिकमा काम गर्नुपर्ने वाध्यता त छँदै साथमा कामको प्रकृति पनि भिन्न मात्र देखिन्छ । आप्रवासी कामदार अधिकार समूह टेनागानिटाका कार्यक्रम अधिकृत फ्लोरिडा सान्डा नासामीले जानकारी गराइन् । यस्तै एक घटनाका सम्बन्धमा प्रकाश पार्दै उनले भनिन्, पन्जाबबाट आएको कृषकहरूको समूहलाई तारको पोलमा चढ्न लगाइयो र मर्मत सम्भारको काम गर्न दबाब दिइयो ।

'यस्ता समस्याबाट बच्नका लागि हामीले कानुनसम्मत ढङ्गको करारनामा तयार पार्नु आवश्यक छ । सो करारनामा सम्बन्धित मुलुकको राजदूताबासबाट प्रमाणित हुनु र उच्च आयोगले सम्बन्धन व्यक्त गर्नु आवश्यक छ, शान्दनासामीले भनिन्- भारतीय उच्च आयोगसँग कति कामदार मलेसिया गए र कति कार्यरत छन् भन्ने विषयमा कुनै जानकारी छैन ।

'विपिन जब यहाँ आइपुग्यो तब छाती चिरिने गरी रुने गर्दथ्यो,' केरलाकै उनका एकजना साथीले जानकारी गराए । सुर्योदयदेखि काममा जोतिएका विदेशी कामदारहरूले लगातार दुई वर्षसम्म काम गरेपछि बल्ल दलालको ऋण चुक्ता गर्न सफल हुन्छन् । कामदारले बसोबासका लागि छुट्टै रकम भुक्तानी गर्नुपर्छ । केही रकम भारतमा आशाका आँखा विच्छाएर बसेका परिवारका लागि पनि पठाउनु पर्छ । पहिला भनिएभन्दा निकै गाह्रो काममा उनीहरूले बाँधिनु पर्ने अवस्था सृजना हुन्छ ।

'यहाँ एकदमै गर्मी छ,' अर्को कामदारले आईपीएसलाई भने' म त खप्नै सक्तिनँ,' विपिन भने भाग्यमानी युवक ठहरियो । उसले इएरकण्डिसनको सुविधा रहेको मेसिन विभागमा काम गर्ने अबसर पायो । तैपनि भारतको चेन्नाई, बैंगलोर र केरलामा बसेर उनीहरूलाई ठग्ने दलालले व्यक्त गरेको काम र सुविधाभन्दा यो निकै न्यून थियो । 'दलालहरू भिन्न व्यक्तिलाई भिन्न कथा सुनाएर ठग्ने गर्दछन्,' मृतकका साथीले भने 'कामदारहरूलाई दलालले इएरकण्डिसनमा बसेर कसरी काम गर्ने भन्ने हो भने कुरा बेग्लै हो,

नत्र अन्य केही समस्या छैन भनेर झुक्याउने गरेको हुन्छ । उसले सरल सामान्य काम गर्नुपर्ने विवरण दिएर कामदारलाई विदेश पठाउँछ । तर जब उनीहरू यहाँ आउँछन् तब खोरमा परिसकेका हुन्छन्,' उनले भने ।

काम लगाउनेले कामदारको पासपोर्ट जफत गरेर राख्छ र काममा लगाउँछ, जसले गर्दा उनीहरू तीन वर्ष लामो आफ्नो करार अवधि समाप्त नभएसम्म फर्किन पनि सक्तैनन् । अधिकांशत: यदि कुनै कामदार फर्किन चाहेभने विदेशी कामदारले तीर्नुपर्ने सम्पूर्ण शुल्क तत्काल बुझाउनु पर्ने हुन्छ । सरकारलाई तिर्नुपर्ने सो शुल्कका कारण पनि उनीहरू आँसु पिएर काममा लागिरहेका हुन्छन् । मासिक रूपमा उनीहरूको तलबबाट करिब १२० रिङ्गिट (३५ डलर) कटाइने गरिन्छ । मलेसियामा समस्या पर्‍यो भनेर आप्रबासी कामदार आफ्नो मुलुकमा फर्किहाल्ने अवस्था पनि पर्दैन । किनभने अधिकांश व्यक्तिहरू ऋणमा चुर्लुम्म डुबेका हुन्छन् । दलालको शुल्क तिर्नका लागि लिएको ऋणले उनीहरूलाई डुबाइरहेको हुन्छ । सामान्यतया: उनीहरूमध्ये धेरैजसो स्थानीय सरकारकहाँ पुगेर गुनासो गर्न पनि सक्तैनन् । किनभने कामै गर्न नदिएर तत्काल घर फर्काइयो भने समस्या हुन्छ भन्ने उनीहरूको सोचाइ रहन्छ ।

मृतकका साथीले आईपीएसलाई जानकारी गराएअनुसार विपिन अर्को जागिरको खोजीमा थियो । मलेसियाको अन्यत्र कतै जागिर खोजिदिन उसले साथीलाई अराएको थियो, जबकि जुन संस्थामा काम गर्ने भनी यहाँ आएको हुन्छ त्यसलाई छोडेर अन्यत्र जाने अवस्था सामान्यतया हुँदैन । किनभने खास संस्थामा काम गर्ने शर्तमा मन्जुरी गरेर कामदारहरू यहाँ ल्याइएका हुन्छन् । विपिनको सन्दर्भमा पनि सोही नियम लागू हुन्थ्यो । उसले कम्पनीलाई पैसा तिरेर आफ्नो पासपोर्ट फिर्तालिनु पर्ने हुन्थ्यो र पासपोर्ट फिर्ता लिएपछि मात्र ऊ बाहिर निस्कन सक्थ्यो । कम्पनीको प्रवक्ताका अनुसार विपिन छोटो समयका लागि बिदा लिएर बाहिर जान चाहन्थ्यो, त्यही प्रयोजनले उसले पासपोर्ट फिर्ता लिन चाहिने रकम धरौटीका रूपमा जम्मा गरिसकेको पनि थियो । जेसुकै होस् जाने बेलामा ऊ निकै खुसी देखिन्थ्यो,' उनका साथीले भने ।

विपिनले जोहरस्थित् आफ्नो कम्पनी गत मेको अन्त्यमा छोडेका हुन् । त्यसको केही दिनपछि पेनाङ्गस्थित होटलमा ऊ मृत अवस्थामा फेला पर्‍यो । यसबीचमा के भयो कसैलाई थाहा छैन ।

'यस प्रकारको जुन घटना घट्यो त्यसमा म कुनै आश्चर्य मान्दिनँ,' विपिनको मृत्युपछि मुख्य भूमि पेनाङ्गको आप्रवासी कामदार सहायता केन्द्रका रुथ पाउल भन्छन् । भारतबाट मलेसिया आई काम गर्ने भारतीय नागरिकहरूको संख्या ठूलो छ । उनीहरू विभिन्न खालको शोषणमा परेका छन् । उनले आईपीएसलाई भनिन्, 'उनीहरू अरुबाट ठगिने मात्र होइन, इण्डियनहरूबाटै पनि ठगिने गर्दछन् । उनीहरू राम्रो तलब र राम्रो जागिरको लालसामा ठगिने गर्दछन्,' पाउलले भनिन् ।

'जब कामदारहरू आफ्ना समस्या सुनाउन अग्रजहरूकहाँ पुग्दछन्, उल्टै उनीहरू धम्की पाउँछन् र कतिले त पिटाइ पनि खानुपर्छ । आखिरमा उनीहरूले गरेको गुनासो कतै अभिलेखीकरण हुँदैन, अथवा गैरकानुनी सावित हुनपुग्छ । आखिरमा उनीहरू निराश भएर फर्किन्छन् । भारत, पाकिस्तान, बंगलादेश, भियतनामबाट कामका लागि आएका व्यक्तिहरूको संख्या अधिक छ । उनीहरू नै दलाल तथा कम्पनीबाट ठगिएका हुन्छन् र उनीहरूलाई नै प्रशासनले पक्राउ पनि गर्दछ,' पाउलले भनिन् । अधिवक्ता लतिफा कोया थुनामा रहेका आप्रवासी कामदारका तर्फबाट अधिकारका लागि मुद्दा लडिरहेकी छन् । उनी भन्छिन्, कामदारहरू ल्याइँदा एक कम्पनीको नाममा ल्याइन्छ तर, दलालले अर्को कुनै कम्पनीमा पठाउँछ । जसले गर्दा कामदारहरू कामविहीन हुन पुग्दछन्,' कोया अगाडि भन्छिन्, मलेसियाको नयाँ अध्यागमन कानुनअनुसार पर्याप्त कागजातको अभाव रहेका आप्रवासीहरू नै दलालहरूद्वारा शोषित भएका देखिएकाले त्यसमा बढी निगरानी आवश्यक छ । कामदारहरू अज्ञानताका कारण गैरकानुनी कार्य पनि कानुनी हो भन्ने ठानेर गरिरहेका हुन्छन्,' उनले भनिन् ।

प्रहरी रिपोर्ट बनाउँदा पनि आवागमन सम्बन्धी कानुनअनुसार छ-छैन ध्यान दिनुपर्ने हुन्छ । गएको अप्रिल महिनामा मलेसियाले लागू गरेको कानुनका सन्दर्भमा अहिले विवाद उठिरहेको छ । संयुक्त राज्य अमेरिकाले पछिल्लो वार्षिक प्रतिवेदनमा मलेसियाले मानव तस्करीका सन्दर्भमा पर्याप्त अभ्यास हुन नसकेको टिप्पणी गरेका कारण सो विवाद सृजना भएको हो । अर्को शब्दमा भन्नुपर्दा, संयुक्त राज्य अमेरिकाले मलेसियालाई मानव तस्करीका सन्दर्भमा कालो सूचीमा राखेकोमा उसको असन्तुष्टि सृजना भएको हो ।

मलेसिया 'टेर ३' को बर्गमा परेको छ । आप्रवासी नागरिकको अवस्था खराब देखिएअनुसार नै मलेसियालाई सो बर्गमा र ाखिएको हो । प्रतिवेदनमा मलेसियाली उच्च अधिकारीहरूको आलोचना पनि गरिएको छ । विपिनको मृत्युको वास्तविक कारण जे भएपनि मलेसियामा काम गरेर राम्रो अर्थोपार्जन गर्ने कामदारहरूको सपनामा धक्का लागेको छ । यस सम्बन्धमा मलेसियाले के गर्दैछ भन्ने कुरा पनि उनीहरूलाई थाहा छैन । 'अहिले त हामी जसरी होस् आफ्नो मुलुक भारत फर्किन चाहन्छौं, यतिभए हामीलाई पुग्छ,' विपिनका उदास साथीले आईपीएसलाई भने ।

# मत्स्य भण्डार रित्तिने त्रास

– सोमा बासु

तामिलनाडु, इण्डिया (**आई.पी.एस्./एन्.पी.आई.**) – पन्ध्र फिट चौडा र पन्ध्र फिट लम्बाइको प्रतीक्षालयमा समुद्रको छालले सानो धक्का दियो । त्यहाँ शुभ समारोहहरूको आयोजना हुने गर्दछ । जस्तो विवाह, सम्झौता, सहमतिआदि र स्वतन्त्रता दिवसका कार्यक्रमहरू यहाँ आयोजना गरिन्छन् । भारतीय भूमिको यो सामुद्रिक क्षेत्र निकटका दुई हजार बासिन्दाहरूको प्रिय स्थल हो ।

तर आजभोलि त्यो प्रतीक्षालय सुखद् सन्दर्भमा छलफल गर्ने स्थल नभई त्यस क्षेत्रमा माछाको संख्या घटेको विषयमा छलफल गरेर बिताउने स्थल भएको छ । भारतीय महासागरको नीलो पानीमा कुन तत्व बढी भयो वा घटी जसले गर्दा माछाको संख्या घट्यो भनेर प्रतीक्षालयमा बस्नेहरू चिन्ता गरिरहेका हुन्छन् ।

दक्षिणी भारतीय प्रान्त तामिलनाडुको रामानाथापुरम जिल्लाका अपुरका वासिन्दाहरूले २००४ को डिसेम्बरमा आएको सुनामीको सामना गर्नुपर्‍यो । स्थानीय वासिन्दाहरू आफ्नो बिग्रिएको अवस्थाप्रति चिन्तित छन् । जलवायु परिवर्तनका कारण समुद्रको सीमा बदलिएकोमा उनीहरू सतर्क देखिन्छन् ।

'हामीमध्ये केहीले पैसा बचाएर मोटर जडान भएको जहाज किनेका छौं । तर इन्धन खर्च गरेर समुद्रमा जानु बुद्धिमानी हुँदैन,' स्थानीय माझी अब्दुल कादिरले चिन्ता प्रकट गरे ।

७० वर्षका मनी पालियाङ्चामी आफ्नो विगत ५ पुस्तादेखि माछा मार्ने व्यवसायमा संलग्न रहँदै आएकोमा अहिले आएर आफ्नो व्यवसाय सङ्कटमा परेको अनुभव गर्दछन् । 'पानीको गहिराई र मसिनजडित डुङ्गा तथा अन्य आधुनिक सुविधाका कारण मलाई आश्चर्यको अनुभव हुन्छ,' उनी भन्छन् ।

एक तिहाई भन्दाबढी जनसंख्या सामुद्रिक किनारका क्षेत्रमा बसोबास गर्दछ । खासगरी भारतको दक्षिणी मनार खाडी क्षेत्रमा बढी जनघनत्व छ । यहाँका व्यक्तिहरू माछा मारेरै जीविका चलाउँछन् । यहाँका माझीहरूको विशेषता बल्छी हान्ने र जालमा माछा पार्ने सीपमा दक्षता रहेको छ । गहिरो पानीमा पनि सार्कको डर नमानी यात्रा गर्नु उनीहरूको विशेषता हो । तर, अहिले आएर पुरानो आफ्नो पेशाप्रति उनीहरू असन्तुष्ट बनेका छन् ।

उपद्वीपको दक्षिण-पूर्वी क्षेत्रमा मनार म्यारिनको खाडी बायस्फेर रिजर्भको क्षेत्रमा २० टापुहरू रहेका छन् । १५० किलोमिटरसम्म फैलिएको यो क्षेत्र जैविक विविधताका कारण मुलुककै समृद्ध क्षेत्रमा पर्न आउँछ । यहाँ ४२ प्रजातिका फिटोप्लानटोक, ३, ६०० प्रजातिका बिरुवा तथा जनाबर र ११७ किसिमका सिपि रहेको यमएस स्वामिनाथन अनुसन्धान प्रतिष्ठानद्वारा गरिएको अध्ययनमा जनाइएको छ ।

सिपी पहाडको व्यापारिक प्रयोग गर्न र म्यानग्रबको झाडी हटाउन माछालाई पनि विस्थापित गर्नुपर्ने अवस्था मनार खाडीमा रहेको छ । कुनै बेला यसै क्षेत्रमा यति बढी माछाको उत्पादन हुन्थ्यो कि राष्ट्रको औशत उत्पादनभन्दा बढी माछा यही समातिन्थ्यो । सेथुसामुध्राम जहाज नहर परियोजना (एसएससिपी) जस्ता विकास परियोजनाले वातावरणवादीले चुनौती दिएका छन् । यस्ता परियोजनाकै कारण वातावरण विश्रृंखलित भएको छ । परियोजना बङ्गालको खाडीसँग अरेवियन सागरलाई जोड्ने, नहर निर्माण गर्ने र जहाज चलाउने उद्देश्य राखिएको छ । मनारको खाडी, पाल्क खाडी र पाल्क भूमि जोड्ने योजनाअनुसार काम सुरु गरिएको छ । यस क्षेत्रको तातो पानीले जटिल जैविक प्रणालीलाई संरक्षण गरेको छ, राष्ट्रिय वातावरण इन्जिनियरिङ्ग अनुसन्धान प्रतिष्ठानका वैज्ञानिकहरू समुद्रको अवस्था परिवर्तन हुनुमा विभिन्न पक्षहरूको हात रहेको खुलासा गर्दछन् । तापक्रम बढ्नु विभिन्न प्रकारका पोषणको प्रवाह हुनु र जैविक प्रणालीलाई प्रभाव पार्ने वातावरणको विकास हुनु नै समुद्रमा माछाको संख्या घट्नुको कारण बनेको छ ।

'समुद्रका सिपीहरू पानीमा तापमानको बृद्धि भएका कारण मरिसकेका छन् । यदि सिपीको परिमाण आधारभूत रूपमा बृद्धिभएको भए समुद्रको तापमान परिवर्तन स्वाभ( ाविक मान्न सकिन्थ्यो । परिणामस्वरूप सिपीका टापुहरू प्रभावित

हुन पुगे, स्वामी नाथन प्रतिष्ठानका पूर्वसदस्य डक्टर भियन करुणा गरान भन्छन्, सिपी पूर्णरूपले समुद्रको बासिन्दा हो । तामिल नाडुको थान्जुभार जिल्लास्थित मुथुकेट मेनग्रुबका संस्थापक स्वामिनाथन भन्छन्- जैविक सन्तुलन र खाद्य श्रृंखलामा परिवर्तन आएका कारण माछाको संख्या प्रभावित हुन पुगेको हो ।

हालको अवस्थामा जहाज र नजिकको बस्तीबाट फालिने फोहर का कारण पनि समुद्रको किनार क्षेत्र प्रभावित हुन पुगेको छ । नचाहिँदा ढुवानीका सामान र अन्य रसायन सागरमा प्रवाहित भैरहेका देखिन्छन् । परियोजना विकासका कारण काल्क प्रवाहमा परिवर्तन आएता पनि प्रदूषणको प्रभाव घट्ने सम्भावना छैन ।

'दुई सागरलाई जोड्ने नहर बनेपछि समुद्रको तल्लो भागमा रहेको विषयुक्त पदार्थ र धुलोको मात्रा पनि वारपार हुनेछ । यसले सिपीको परिमाणमा अझ बढी नकारात्मक प्रभाव पर्नेछ । सिपीजस्तै समुद्रका बनस्पति र अन्य जीवहरू पनि प्रभावित हुनेछन् । समुद्रको ताप र प्रदूषणका कारण जीव र वनस्पतिमा कुन परिमाणमा प्रभाव पर्छ भन्ने विषयमा व्यवस्थित रूपले सर्वे हुन सकिरहेको छैन,' राष्ट्रिय वातावरण इन्जिनियरिङ्ग अनुसन्धान प्रतिष्ठानका बैज्ञानिक राकेशकुमार भन्छन् ।

समुद्रको किनार क्षेत्रमा जलप्रवाहको मात्रा बढेका कारण सेथुसमुद्रम परियोजनाले अग्ला छालहरू र बलिया तरङ्गहरू बढाएको छ जसका कारण किनार क्षेत्रको क्षयीकरण भएको छ ।

दिल्लीस्थित टाटा इनर्जी अनुसन्धान संस्थाद्वारा तयार पारिएको एक कार्यपत्रका अनुसार समुद्रको सतह एक मिटर बढेको खण्डमा ७१ लाख जनता जो समुद्रमा आधारित जीवन बाँचिरहेका छन्, प्रभावित हुनेछन् । सन् २००० मा वातावरण मन्त्रालयले प्रस्तुत गरेको सो जानकारी सबैका लागि सतर्क गराउने खालको छ । सो अध्ययनले समुद्रको सतहको तापमान २ देखि ४ डिग्री सेन्टिग्रेट बृद्धि भएमा सामुद्रिक आँधी आउने र यसको सघनता १० देखि २० प्रतिशतले बढ्ने सो अध्ययनले खुलसा गरेको छ । यसो भएमा समुद्र किनारका व्यक्तिहरू त विस्थापित हुनेछन् नै साथमा न्यून आय आर्जन गरेर ग्रामीण क्षेत्रमा बसोबास गर्ने जनता पनि प्रभावित हुनेछन् ।

चेन्नाईस्थिति व्यवस्थापन वैजनी किरणको मात्रा बढेका कारण ओजोन सतह प्रभावित हुन पुग्दछ । हरितगृह ग्यासको उत्पादनका कारण ओजन तह प्रभावित हुन पुग्दछ । एक दशकअघिदेखि ७ प्रतिशतका दरले ओजनतहमा क्षतिपुग्दै आएको छ । अध्ययनका अनुसार ओजन तहमा भएको क्षति पनि मत्स्य उत्पादनमा ह्रास ल्याउने कारण बनेको छ ।

'तथ्याङ्कले के देखाउँछ भने भारतको समुद्री सतह प्रतिवर्ष २.५ मिलिमिटरका दरले बढिरहेको छ । यस बृद्धिको मापन १९५० को दशकबाट थालिएको हो । आजपनि अनुसन्धानकर्ताहरू जलबायु परिवर्तनले पारेको प्रभावमा महत्वका साथ अनुसन्धान गरिरहेका छन् । भारतलगायत २७ मुलुकहरू विश्वमा समुद्रको सतह बृद्धिका कारण सङ्कटमा पर्दैछन् । यसको पछाडि विश्व तापमानको वृद्धि कारक रहेको छ,' मदुराई कामराज विश्व विद्यालयका प्राध्यापक ए. शंकरण भन्छन् ।

'जलवायु परिवर्तनका कारण हाम्रो जीवन प्रत्यक्ष रूपले प्रभावित हुने गर्दछ तर हामी सरकार तथा गैरसरकारी संस्था क्षेत्रबाट पूर्ण रूपले सीमान्तिक्रित हुन पुगेका छौं, माछा मार्ने पेशामा संलग्न अब्दुल भन्छन् ।


NPI

**बाट : नेपाल प्रेस इन्स्टिच्यूट**
**थापाथली–७०७ प्रशुतिगृह मार्ग**
**पोष्ट बक्स नं. ४१२८, काठमाडौं, नेपाल**
**फोन नं. ४-२६४१५५, ४-२६६४१८**
**फ्याक्स नं. २६४१५४**


**लाई :** ____________________
____________________
____________________
____________________